# गौरादह राजपत्र

## गौरादह नगरपालिकाद्धारा प्रकाशित

खण्ड ५ संख्या १४ फागुन २८ गते, २०७९ साल

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ बमोजिमको अधिकार प्रयोग गरि नगरपालिकाद्वारा नगर खेलकुद विकास ऐन २०७९ स्विकृत गरि जारी गरिएको तल उल्लेख भए बमोजिमको ऐन सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएकोछ ।

# गौरादह नगर खेलकुद विकास ऐन, २०७९

प्रस्तावना:

खेलकुदको माध्यमबाट बालबालिका, युवा, विद्यार्थी तथा सर्वसाधारणको शारीरिक तथा मानसीक स्वास्थको विकास गरी अनुसासित नागरिक तयार गर्नको निमित खेलकुद सम्वन्धी तालीम, संचालन गरी सबै किसिमको खेलकुद आयोजना गर्न तथा राष्ट्रिय र जिल्लास्तरमा हुने खेलकुद प्रतियोगितामा गौरादह नगरको उपयुक्त सहभागीता समेतको आवश्यकता महसुस गरी खेलकुदको विकास गर्न वान्छनीय भएकोले गौरादह नगरपालिकाको ११ औ नगर सभाबाट यो ऐन बनाईएकोछ ।

१. संक्षिप्त नाम र प्रारम्भः-(१) यस ऐनको नाम गौरादह नगर खेलकुद विकास ऐन २०७९ रहेको छ।

(२) यो ऐन स्थानीय राजपत्रमा प्रकाशन भएपछि तुरुन्त लागु हुनेछ।

२. परिभाषाः- विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा

(१) "परिषद" भन्नाले दफा ३ वमोजिम स्थापना भएको गौरादह नगर खेलकुद परिषद सम्झनु पर्दछ।

(२) "सदस्य भन्नाले" परिषदको सदस्य सम्झनु पर्दछ सो शव्दले परिषदको अध्यक्ष उपाध्यक्ष, सदस्य सचिव र कोषाध्यक्ष लाई समेत जनाउछ।

(३) "अध्यक्ष" भन्नाले परिषदको अध्यक्षलाई सम्झनु पर्दछ।

(४) "सचिब" भन्नाले परिषदको सदस्य सचिबलाई सम्झनु पर्दछ।

(५) "वडा खेलकुद विकास समिति" भन्नाले दफा १२ बमोजिम गौरादह नगरका वडामा गठन भएका वडा समिति लाई सम्झनु पर्दछ।

(६) "खेलकुद सम्वन्धी संस्था" भन्नाले दफा १३ बमोजिम दर्ता भएको संस्था सम्झनु पर्दछ।

(७) "तोकिएको वा तोकिएवमोजिम भन्नाले" यस ऐन अन्तर गर्न वनेको नियममा तोकिएको वा तोकिएबमोजिम सम्झनु पर्दछ।

३. परिषदको स्थापनास् (१) नगरको खेलकुद विकास, बिस्तार, प्रवर्दन तथा अध्ययन अनुसन्धान गरी खेलकुदको संचालन तथा ब्यवस्थापन गर्नको लागी नगर खेलकुद विकास परिषदको स्थापना हुनेछ।

(२) उपदफा(१) बमोजिम स्थापना हुने परिषदमा देहायका सदस्य रहनेछनः-

१) नगरपालिका सामाजिक विकास समितिको संयोजक — अध्यक्ष

२) नगर कार्यपालिकाले तोकेको व्यक्ती — उपाध्यक्ष

३) नगर शिक्षा शाखा प्रमुख — सदस्य

४) खेलजगतमा प्रतिभा आर्जन गरेका नगरभित्रका कम्तीमा २ जना महिला र ३ जना खेलाडी पर्ने गरी नगरपालिकाले तोकेका ७ जना सदस्य

५) वडा खेलकुद समितिका संयोजक मध्ये नगरप्रमुखले तोकेको — ५ जना सदस्य

६) नगरमा रहेका खेलकुद संस्थाबाट सिफारिस भएका मध्ये अध्यक्षले तोकेका — सदस्य २

७) नगरभित्रका सामुदायिक र संस्थागत माध्यमिक विद्यालयका प्र.अ. वा खेल शिक्षक मध्ये बाट परिषदले तोकेको — २ जना सदस्य

८) नगरभित्रका क्याम्पस मध्येबाट स्वतन्त्र विधार्थी यूनियन स्ववियुले सिफारिस गरेका मध्ये समितिले तोकेका विद्यार्थी — १ जना सदस्य

९) प्रमुख प्रशासकीय अधिकृतले तोकेका नगरपालिकाको अधिकृत — १ जना सदस्य

१०) नगर कार्यपालिकाले तोकेको — सदस्य सचिव १

(३) परिषदले पदेन सदस्य वाहेक आफु मध्येबाट कोषाध्यक्ष छान्ने छ।

(४) परिषदले आवश्यक ठानेमा कुनै स्वदेशी विशेषज्ञ वा सल्लाहकार लाई समितिको वैठकमा पर्यवेक्षकको रुपमा भाग लिन आमन्त्रण गर्न सक्नेछ।

(५) परिषदको कार्यालय गौरादह नगरपालिकामा रहनेछ।

४. परिषदको संरक्षक नगर प्रमुख परिषदको संरक्षक हुनेछ ।

(२) अध्यक्षले परिषदको बार्षिक प्रतिवेदन नगर प्रमुख समक्ष पेश गर्नुपर्नेछ।

(३) संरक्षकले दिएको निर्देशन पालना गर्नु परिषदको कर्तव्य हुनेछ ।

५. परिषद नगरपालिकाको मातहत रहने अंग हुनेछ ।

(१) परिषदको सबै काम कार्वाहीको निमित आफ्नो छुट्टै छाप हुनेछ ।

(२) परिषदले नगरपालिकाको नाम बाट मात्र चल अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न, बेचविखन गर्न वा अन्य किसिमले व्यवस्था गर्न सक्नेछ ।

(३) परिषदले नगरपालिकाको नामबाट मात्र नालिस उजूर गर्न र परिषद उपर पनि सोही नामबाट नालिस उजूर लाग्न सक्नेछ ।

६. पदावधिः (१) मनोनित सदस्यहरुको पदावधि ४ बर्षको हुनेछ र पदावधि समाप्त भएपछि निजहरुको पुनः मनोनयन हुन सक्नेछ ।

(२) पदावधि समाप्त नहुँदै कुनै सदस्यको पद रिक्त हुन आएमा बाँकी पदावधिको लागि दफा ३ को प्रकृया बमोजिम पदपूर्ति गरिनेछ ।

(३) सदस्यले राजीनामा गरेमा निज आफ्नो पदबाट मुक्त हुनेछन ।

(४) कुनै सदस्यले आफ्ना कर्तव्य पालन गरको छैन भन्ने लागेमा परिषदको सिफारिसमा नगरपालिकाले त्यस्ता सदस्यलाई जुनसुकै बखत हटाउन सक्नेछ। त्यस्तो कारवाही गर्दा सम्बन्धित सदस्यलाई सफाई दिने मौकाबाट बञ्चित गरिने छैन।

७. सदस्यको अयोग्यताः देहायको कुनै व्यक्ति सदस्यमा मनोनित हुन वा बहाल रहन सक्ने छैनः—

(१) गैर नेपाली नागरिक,

(२) परिषदमा कार्यरत वैतनिक कर्मचारी,

(३) साहुको ऋण तिर्न नसकी दामासाहीमा परेको,

(४) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसूरदार ठहरी सजाय पाएको,

(५) पदेन सदस्य बाहेक अन्य सदस्य २१ वर्ष उमेर पूरा नभएका ।

८. सदस्यता समाप्त हुन अवस्थाः- देहायको अवस्थामा सदस्यता समाप्त भएको मानिनेछ,

(१) दफा ७ बमोजिम सदस्यमा बहाल रहन अयोग्य भएमा,

(२) सदस्यले राजीनामा गरेमा,

(३) मृत्यु भएमा, वा

(४) परिषदलाई कारण सहितका सूचना नदिई लगातार तीन पटक भन्दा बढी परिषदको बैठकमा अनुपस्थित भएमा।

(५) दफा ६ को ४ बमोजमि कारवाही भएमा।

९. परिषदको बैठक र निर्णयः- (१) अध्यक्षबाट निर्देशन भए अनुसार सदस्य सचिवले मिति, समय र स्थान तोकी परिषदको बैठक बोलाउनेछ ।

(२) परिषदको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा उपाध्यक्षले र निज पनि अनुपस्थित भएमा सदस्य सचिवले बैठकको अध्यक्षता गर्नेछ ।

(३) परिषदको कूल सदस्य संख्याका पचास प्रतिशत सदस्यहरु उपस्थित भएमा बैठकको लागि गणपूरक सख्या पुगेको मानिनेछ।

(४) परिषदको बैठक बर्षका कम्तिमा चारपटक बस्नेछ।

(५) जम्मा सदस्य संख्याका एकतिहाइ सदस्यहरुले मनासिब माफिकको कारण देखाई बैठक बोलाइयोस भनी अध्यक्ष समक्ष लिखित अनुरोध गरेमा अध्यक्षले ७ दिन भित्र बैठक बोलाउनु पर्नेछ ।

(६) बैठकमा बहुमतका राय मान्य हुनेछ र मत बराबर भएमा अध्यक्षता गर्ने व्यक्तिले निर्णयाक मत दिन पाउनेछ।

(७) सदस्य—सचिवले बैठकको निर्णय पुस्तिका राख्नेछ।

(८) बैठक सम्बन्धी अन्य कार्यविधि परिषद आफैले निर्धारण गरे बमोजिम हुनेछ।

१०. परिषदको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः—

१) नगर खेलकुदको विकासको लागि बार्षिक योजना निर्माण गरी पास गर्ने, बार्षिक लेखापरिक्षण पास गर्ने।

२) खेलकुदको स्तरमा बृद्धि गर्ने वडा र नगर खेलकुदका प्रतियोगिताहरुको आयोजना गर्ने,

३) खेलकुद सम्बन्धी प्रतियोगिता वा बैठकमा भाग लिन खेलाडी, समितिका सदस्य तथा कर्मचारीलाई जिल्ला, प्रदेश र केन्द्रमा पठाउने,

४) नगर कार्यपालिकालाई खेलकुद सम्बन्धी कुरामा सल्लाह दिने,

५) खेलकुद सम्बन्धी संस्थालाई आर्थिक वा अन्य सहयोग प्रदान गर्ने वा त्यस्तो सहयोगका लागि नगर कार्यपालिका समक्ष सिफारिश गर्ने,

६) शिक्षण संस्थाहरुमा खेलकुद सम्बन्धी प्रशिक्षण, प्रतियोगिता संचालन गर्ने तथा खेलकुदको उपयोगिताका सम्बन्धमा प्रचार प्रसार गर्ने गराउने,

७) खेलकुद सम्बन्धी स्तर बढाउने पुस्तक, पर्चा, स्लाईड, चलचित्र वा भिडियो चलचित्र आदिको लेखक वा निर्मातालाई आर्थिक वा अन्य सहयोग प्रदान गरी प्रोत्साहित गर्ने,

८) खेलकुदको उत्तरोत्तर विकासका लागि आवश्यकतानुसार नगरमा रंगशाला तथा खेलकुद मैदानका निमाण गरी तिनीहरुको संरक्षण तथा रेखदेख गर्ने,

९) खेलकुदको विकासका लागि वडा खेलकुद विकास समिति गठन गर्ने,

१०) खेलकुद सम्बन्धी संस्थालाई समय समयमा आवश्यक निर्देशन दिने,

११) खेलाडीहरुका स्तरबृद्धि गर्न आवश्यकतानुसार स्वदेशी तथा विदेशी प्रशिक्षकहरुबाट तालीम दिलाउने व्यवस्था गर्ने र उपयुक्त खेलाडीका छनौट गरी आवश्यकतानुसार विदेशमा समेत तालीम हासिल गर्नको लागि पठाउने, तर विदेशी प्रशिक्षक झिकाउँदा समितिले नगरपालिका मार्फत नेपाल सरकारको पूर्व स्वीकृति लिएको हुनु पर्नेछ।

१२) खेलाडीहरुलाई आर्थिक सहायता तथा छात्रवृत्ति प्रदान गर्नको लागि नगर कार्यपालिका समक्ष सिफारिश गर्ने,

१३) खेलाडीका स्वास्थ्यका संरक्षण गर्नको लागि आवश्यक व्यवस्था गर्ने,

१४) विभिन्न कारणबाट शारीरिक तथा मानसिक रुपमा बौद्धीक अपाङ्ग भएकाहरुको खेलकुदको विकास गर्न तालिम तथा प्रतियोगिता संचालन गर्ने व्यवस्था गर्ने र आवश्यकतानुसार त्यस्ता खेलकुदको महत्वको सम्बन्धमा प्रचार प्रसार गर्ने गराउने,

१५) खेलकुदको विकासको लागि अन्य आवश्यक व्यवस्थाहरु गर्ने गराउने ।

१६) खेलकुदको माध्यमबाट राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा नगरपालिकाको पहिचानलाइ उच्च पार्ने वा कुनै पदक प्राप्त गर्ने ब्यक्ती \ खेलाडीलाई सम्मान, पुरस्कार, प्रशंसापत्र लगाएत प्रदान गर्न ।

११. अध्यक्षको काम कर्तब्य र अधिकारः- यस ऐनमा अन्यत्र उल्लेखित काम कर्तब्य र अधिकारको अतिरिक्त अध्यक्षको काम कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछः-

क) परिषदको बैठकको अध्यक्षता गर्ने,

ख) नगर खेलकुदको समग्र विकास, विस्तारर प्रवर्दनका लागि नेतृत्व गर्ने,

ग) परिषदको बैठकको निर्णय प्रमाणित गर्ने,

घ) परिषदको काम कारवाहीको अनुगमन ,सुपरिवेक्षण तथा आवश्यक निर्देशन गर्ने, गराउने,

ङ) परिषदले तोकेका अन्य काम कारवाही गर्ने,

१२. उपाध्यक्षको काम कर्तब्य र अधिकारः- उपाध्यक्षको काम कर्तब्य र अधिकार देहाय बमोजिम हुने छः-

क) अध्यक्षको अनुपस्थितिमा परिषदको बैठकको अध्यक्षता गर्ने,

ख) अध्यक्षले प्रत्यायोजन गरे बमोजिमका कामक कारवाही गर्ने,

ग) परिषदले तोकेको कार्य गर्ने,

१३. सदस्यको काम,कर्तब्य र अधकिार देहाय बमोजिम हुने छः-

क) परिषदको बैठकमा भाग लिने।

ख) अध्यक्षले र परिषदले तोकेको काम कारवाही गर्ने,

१. सदस्य सचिबको काम कर्तब्य र अधिकारः-

क) अध्यक्ष र उपाध्यक्षको अनुपस्थितिमा परिषद बैठकको अध्यक्षता गर्ने,

ख) परिषदको बार्षिक कार्यक्रम निर्मण गरी परिषदमा पेश गर्ने,

ग) परिषदको बार्षिक बजेट निर्माण गरी परिषदमा पेश गर्ने,

घ) परिषदले स्विकृत गरेको कार्यक्रम, बजेट, लेखापरिक्षण, बार्षिक प्रगति प्रतिबेदन नगरकार्यपालिका मार्फत नगर सभामा पेश गर्ने,

ङ) परषिदले गर्ने समपुर्ण आर्थिक कारोवारको हिसाव किताब प्रचलति कानुन बमोजिम राख्ने, राख्नलगाउने ।

च) परिषदको प्रशासनिक प्रमुख भै कार्यगर्ने गराउने

१४. समिति वा उपसमिति गठन गर्न सक्नेः- (१) परिषदले यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियम बमोजिम आफूले गर्नु पर्ने कुन काम गर्नको

निमित्त आवश्यकतानुसार कार्यकारी समिति वा उपसमितिहरु गठन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम कार्य गर्नको लागि एक कार्यकारी समिति गठन गर्नेछ ।

(३) उपदफा (२) बमोजिम स्थापना हुने कार्यकारी समितिमा देहाय सदस्य रहने छन ।

क) परिषदको सदस्य सचिव संयोजक

ख) परिषदका सदस्यहरु मध्ये एक महिला सहित तिन जना सदस्य

ग) वडा खेलकुद समितिहरु मध्येबाट परिषदका संरक्षकले मनोनित गरेका दुइ जना सदस्य

घ) नगर शिक्षा तथा खेलकुद शाखा बाट प्रमुख प्रशासकिय अधिकृतले तोकेको अधिकृत सदस्य सचिव

(२) उपदफा (१) बमोजिम गठित समिति वा उपसमितिहरुको काम, कर्तव्य, अधिकार र कार्यविधि परिषदले तोके बमोजिम हुनेछ।

१५. खेलकुद विकास समितिः- (१) खेलकुदका विकास र विस्तार गर्नको लागि परिषदले तोके बमोजिम प्रत्येक वडामा वडा खेलकुद विकास समिति गठन गर्नु पर्नेछ

(२) उपदफा (१) बमोजिम गठित खेलकुद विकास समितिका काम, कर्तब्य र अधिकार तोकिए बमोजिम हुनेछ।

(३) कार्यकारी समिति तोकीए बमोजिमको काम कार्वाही गर्दा परिषदको नामबाट गर्नु पर्नेछ।

१६. खेलकुद सम्बन्धी संस्थाका दर्ताः- (१) खेलकुद सम्बन्धी गतिविधि सञ्चालन गर्न प्रचलित कानून बमोजिम दर्ता भएको संस्थाले परिषदमा दर्ता गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम परिषदमा दर्ता नभएका खेलकुद सम्बन्धी संस्थाले नगरभित्र खेलकुद सम्बन्धी गतिविधि सञ्चालन गर्न सक्ने छैन।

१७. नाम दर्ताका लागि दरखास्त दिनु पर्नेः- (१) परिषदको लगतमा नाम दर्ता गराउन चाहने खेलकुद सम्बन्धी संस्थाले देहायका कुराहरु खुलाई परिषदमा नाम दर्ताको लागि दरखास्त दिनु पर्नेछः—

(क) संस्थाको नाम र ठेगाना,

(ख) संचालन गरिने खेलकुदको किसिम,

(ग) कार्यकारिणी समितिका सदस्यहरुको नाम, ठेगाना र पेशा ।

(२) उपदफा (१) बमोजिम दरखास्त दिंदा खेलकुद सम्बन्धी संस्थाले आफ्नो विधानका एकप्रति प्रतिलिपि समेत दरखास्त साथ संलग्न गरेको हुनु पर्नेछ।

१८. खेलकुद सम्बन्धी संस्थाको नाम दर्ता गर्न सक्नेः- (१) दफा १४ बमोजिम नाम दर्ता गराउनका लागि खेलकुद सम्बन्धी संस्थाका दरखास्त परेमा त्यस्ता दरखास्त प्राप्त भएका मितिले पैंतीस दिन भित्र परिषदले आवश्यक जाँचबुझ गरी त्यस्ता खेलकुद सम्बन्धी संस्थालाई आफ्नो लगतमा नाम दर्ता गर्न परिषदमा पेश गर्ने छ। परिषदको निर्णयबाट नाम दर्ता गरिने छ।

(२) उपदफा (१) बमोजिम लगतमा नाम दर्ता गरेकोमा दर्ता गरिएको सूचना वा दर्ता गर्न नसकिने ठहरिएमा दर्ता गर्न नसकिने व्यहोराको सूचना परिषदले त्यस्तो खेलकुद सम्बन्धी संस्थालाई दिनु पर्नेछ।

१९. हेरफेरको सूचना गर्नु पर्नेः- (१) यो ऐन बमोजिम परिषदको लगतमा नाम दर्ता भएका खेलकुद सम्बन्धी संस्थाले दफा १६ बमोजिम नाम दर्ताको लागि दिएका दरखास्तमा उल्लेख भएको व्यहोरा वा दरखास्त साथ संलग्न विधानका व्यहोरामा कुनै हेरफेर भएमा त्यसरी हेरफेर गर्नु परेका कारण सहितका सूचना पन्ध्र दिन भित्र कार्यकारी समितिलाई दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम हेरफेरको सूचना प्राप्त भएपछि त्यस्ता हेरफेर गर्नु पर्ने कारण मनासिव देखेमा परिषदले त्यस्ता हेरफेरको व्यहोरा लगतमा जनाई लगत अद्यावद्धिक बनाई राख्नु पर्नेछ ।

२०. खेलकुद सम्बन्धी संस्थाले हिसाबका श्रेस्ता, राख्नु पर्नेः- (१) खेलकुद सम्बन्धी संस्थाले आफ्नो आम्दानी खर्चको हिसाबको श्रेस्ता परिषदले ताकिदिएको ढाँचामा राख्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम खेलकद सम्बन्धी संस्थाले राखेको श्रेस्ताका जाँचबुझ परिषदले जहिलेसुकै पनि गराउन सक्नेछ ।

(३) परिषदले उपदफा (२) बमोजिम खेलकुद सम्बन्धी संस्थाका श्रेस्ताको जाँचबुझ गर्दा गराउँदा आम्दानी खर्चको हिसाब किताब अनियमिता भएको वा रकम हिनामिना भएको देखिएमा त्यसरी अनियमित भएको हिसाब किताब नियमित गर्न लगाउन र हिनामिना भएको रकम सम्बन्धित व्यक्तिबाट असूल उपर गर्न गराउन आवश्यक कारवाही चलाउनु पर्नेछ ।

२१.परिषदले निर्देशन दिन र लगतबाट नाम कट्टा गर्न सक्नेस् (१) परिषदले खेलकुद सम्बन्धी संस्थालाई खेलकुदका विकासका सम्बन्धमा समय समयमा आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्ता निर्देशनका पालना गर्नु सम्बन्धित खेलकुद सम्बन्धी संस्थाका कर्तव्य हुनेछ।

(२) उपदफा (१) बमोजिम परिषदले दिएका निर्देशनका पालन नगर्ने खेलकुद सम्बन्धी संस्था वा दफा १७ बमोजिम परिषदले तोकिदिएका ढाँचामा आफ्नो आम्दानी खर्चको हिसाब किताबको श्रेस्ता नराख्ने वा रकम हिनामिना गर्ने खेलकद सम्बन्धी संस्थाका नाम परिषदले आफ्नो लगतबाट कट्टा गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम परिषदले आफ्नो लगतबाट कुन खेलकुद सम्बन्धी संस्थाका नाम कट्टा गरेमा त्यसका सूचना सम्बन्धित खेलकुद सम्बन्धी संस्थालाई दिनु पर्नेछ ।

२२. परिषदको स्वीकृति लिनु पर्नेस् खेलकुद सम्बन्धी संस्थाले राष्ट्रिय खेलकुद प्रतियोगिता वा राष्ट्रिय खेलकुद विषयको सभा वा सम्मेलनमा भाग लिन कुन सदस्य वा खेलाडीलाई पठाउन वा नेपालमा हुने खेलकुद प्रतियोगिता वा राष्ट्रिय खेलकुद विषयको सभा वा सम्मेलनमा जिल्ला वा नगरको खेलाडी वा अधिकारीहरुलाई आमन्त्रण गर्न परिषदको स्वीकृति लिनु पर्नेछ।

२३. परिषदको कोषस् (१) परिषदको आफ्नो एउटा छुटै कोष हुनेछ र सो कोषमा देहायका रकमहरु रहनेछनः—

(१) नगरपालिका बाट प्राप्त रकम,

(२) खेलकुद सम्बन्धी प्रशिक्षण प्रदान गरे बापत लिने शुल्क,

(३) खेलकुद प्रदर्शन गरी आर्जन भएको रकम,

(४) कुनै व्यक्ति वा संस्थाले चन्दा वा सहायता स्वरुप प्रदान गरेका रकम,

(५) राष्ट्रिय संघ संस्था, नेपाल सरकार वा एजेन्सीबाट प्राप्त रकम,

(६) अन्तराष्ट्रिय संघ संस्था वा एजेन्सीबाट प्राप्त रकम

(७) अन्य कनै स्रोतबाट प्राप्त रकम ।

(२) उपदफा (१) को खण्ड (६) अन्तर्गत रकम प्राप्त गर्न परिषदले नगर कार्यपालिका मार्फत नेपाल सरकारको पूर्व स्वीकृति लिन पर्नेछ ।

(३) परिषदको नामबाट गरिने सबै खर्च कोषबाट व्यहोरिनेछ ।

(४) परिषदको कोषमा रहने रकम कुनै एक बैंक खाता खोली जम्मा गरिनेछ ।

(५) समितिको खाता संचालन परिसदको सदस्य सचिव नगरपालकिाको लेखा शाखा प्रमुखको सयुक्त दस्तखत बाट संचालन हुनेछ ।

२४. सम्झौता गर्दा नगर कार्यपालिकाको स्वीकृति लिनु पर्ने स् परिषदले आफना कार्य सञ्चालनको सिलसिलामा विदेशी सरकार वा र्राष्ट्रिय संस्था वा विदेशी संस्था वा व्यक्तिसँग सम्झौता गर्दा नगर कार्यपालिकाको स्वीकृति लिनु पर्नेछ ।

२५.लेखा र लेखापरीक्षण (१) परिषदको आय व्ययको लेखा तोकिए बमोजिम राखिनेछ ।

(२) परिषदको लेखापरीक्षण मान्यता प्राप्त लेखा परिक्षक वाट हुनेछ । लेखापरिक्षक नियूक्ती गर्न नगरपालिकाको पूर्व स्विकृती लिनु पर्नेछ ।

(३) नगर कार्यपालिकाले चाहेमा परिषदको आय व्ययको लेखा, तत्सम्बन्धी कागजात र अरु नगदी जिन्सी समेत जुनसुकै बखत जाँच्न वा जाँच्न लगाउन सक्नेछ ।

२६. सदस्यहरुको भत्तास् (१) सदस्यहरुले परिषदको बैठकमा भाग लिए बापत तोकिए बमोजिम बैठक भत्ता पाउनेछन।

(२) सदस्यले परिषदको काम विशेषले भ्रमण गर्नु परेमा तोकिए बमोजिमको भ्रमण तथा दैनिक भत्ता पाउनेछन ।

२७. सदस्य सचिवको पारिश्रमिक र भत्ताः- (१) सदस्य सचिवले परिषदमा पूरा समय काम गरे बापत तोकिए बमोजिमको मासिक पारिश्रमिक पाउनेछ।

(२) सदस्य सचिवले भ्रमण गर्दा पाउने भ्रमण तथा दैनिक भत्ता तोकिए बमोजिम हुनेछ।

२८. परिषदको कर्मचारी (१) परिषदले आफनो कोषबाट खर्च व्यहोर्ने गरी आवश्यकतानुसार कर्मचारीहरु नियुक्ति गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम नियुक्त परिषदका कर्मचारीहरुका पारिश्रमिक, सुविधा तथा सेवाका अन्य शर्तहरु तोकिए बमोजिम हुनेछ।

२९. अधिकार प्रत्यायोजनस् परिषदले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम आपूmलाई प्राप्त अधिकारहरु मध्ये सबै वा केही अधिकार आवश्यकतानुसार अध्यक्ष, उपाध्यक्ष, सदस्य—सचिव, , सदस्य वा परिषदका कुनै कर्मचारी वा समिति वा उपसमितिलाइ प्रत्यायोजन गर्न सक्नेछ ।

३०.नगर कार्यपालिकाले निर्देशन दिन सक्नेस् (१) नगर कार्यपालिकाले खेलकुदका विकास गर्नको लागि परिषदलाई आवश्यक निर्देशन दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम नगर कार्यपालिकाले दिएका निर्देशनको पालन गर्नु परिषदको कर्तव्य हुनेछ ।

३१. सजाय (१) परिषदको कुनै कर्मचारीले जानी जानी वा लापरवाही गरी वा बदनियतसाथ परिषदलाई हानी नोक्सानी पुर्याएमा निजबाट बिगो असूल गरी निजलाई तीन हजार रुपैयाँसम्म जरिबाना सजाय हुनेछ ।

(२) परिषदको कुनै कर्मचारीले परिषदको लेखापरीक्षण गर्ने कार्यमा खटिएका लेखापरीक्षकलाई निजको काम काजमा बाधा अवरोध गरेमा वा

निजले मागेको आवश्यक लिखत वा सूचना नदिएमा त्यस्ता कर्मचारीलाई दुईहजार रुपैयाँसम्म जरिबाना हुनेछ ।

(३) उपदफा (१) र (२) मा लेखिएदेखि बाहेक परिषदको कुनै कर्मचारीले यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियमको बर्खिलाप हुने गरी कुनै काम कारबाही गरेमा निजलाइ एक हजार रुपैयाँसम्म जरिबाना हुनेछ ।

३२. नियम बनाउने अधिकार यस ऐनको उद्देश्य पूर्तिका लागि नगर कार्यपालिकाले आवश्यक नियमहरु बनाउन सक्नेछ।

३०. नगर कार्यपालिकासँग सम्पर्कस् परिषदले नगर कार्यपालिकासँग सम्पर्क राख्दा नगर शिक्षा तथा खेलकुद शाखा मार्फत राख्नेछ।

३१. खारेजी र बचाउस् (१) राष्ट्रिय खेलकुद विकास ऐन, २०७७ बमोजिम राष्ट्रिय खेलकुद परिषद्को लगतमा र जिल्ला खेलकुद बिकास समितिमा नाम दर्ता भएका खेलकुद सम्बन्धी संस्थाहरुको नाम दर्ता यसै ऐन बमोजिम भए गरेको मानिनेछ तर नगर खेलकुद परिषदमा सुचिकृत गर्नुपर्नेछ।

(२) राष्ट्रिय खेलकुद विकास ऐन, २०७७ बमोजिम विभिन्न मितिमा गठित खेलकुद विकास समितिहरु यो ऐन बमोजिम अर्को विकास समितिहरु गठन नभएसम्म कायम रहनेछन ।

३) गौरादह खेलकुद बिकास ऐन २०७५ यो ऐन प्रारम्भ भएपछी स्वत खारेजी हुनेछ ।

४) गौरादह खेलकुद बिकास ऐन २०७५ यो ऐन बमोजिम भए गरेका काम कारवाही यसै ऐन बमोजिम भए गरेको मानिने छ।

आज्ञाले
राजेन्द्र भट्टराई
प्रमुख प्रशासकीय अधिकृत